# कालिका नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

रेडक्रसग्राम, चितवन
बागमती प्रदेश, नेपाल

## कृषि विकास कार्यक्रममा सहभागी हुन प्रस्ताव आह्वानको सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/०५/१७**

यस कालिका नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कृषि विकास शाखाको चालु आ.व. २०८१/८२ को स्वीकृत वार्षिक कृषि विकास कार्यक्रम अन्तर्गत तपसिल अनुसारका अनुदान कार्यक्रमहरु रहेको हुँदा इच्छुक कृषक / कृषक समूह/कृषि सहकारी /कृषि फर्म/कम्पनी तथा कृषि उद्यमीहरुहरुबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३५ दिन भित्र (मिति २०८१/०६/२० गते कार्यालय समयभित्र) तोकिएको ढाँचा अनुसारको आवेदन फाराममा दरखास्त दिनुहुन अनुरोध गरिन्छ। पुनश्चः आवेदन साथ आवेदन फाराममा उल्लेख भए अनुसारका कागजातहरु संलग्न राखी प्रत्येक कार्यक्रमका लागि छुट्टाछुट्टै आवेदन पेश गर्नुहुन यसै सूचनाद्वारा सूचित गरिन्छ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका दरखास्तहरु छनौटका लागी समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ। साथै गत आ.व. मा यस कालिका नगरपालिका कृषि विकास शाखाबाट कुनै किसिमको अनुदान नलिएका कृषक/कृषक समूह/कृषि सहकारी तथा कृषि उद्यमीहरुलाई प्राथमिकता दिइने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपसिल**

**कालिका नगरपालिका, नगरकार्यपालिकाको कार्यालय तर्फका स्वीकृत कार्यक्रमहरु:**

| क्र.सं. | कार्यक्रमको नाम | अधिकतम अनुदान सहयोग | बजेट रु. हजारमा | कृषकले दरखास्त दिदा भर्नु पर्ने प्रस्ताव आवेदन नं. |
|---|---|---|---|---|
| १ | केरा तथा मेवाको क्षेत्र विस्तार कार्यक्रम (५०% अनुदान) | कुल लागतको बढीमा ५० % सम्म अनुदान (जमिनको तयारी, बिरुवा, मलखाद, कृषि औजार खरिद आदिमा लागत साझेदारी हुने।) | ४०० | आवेदन फाराम नं १ |
| २ | कागती खेती गर्ने कृषकलाई बेर्ना तथा बोर्डो पेन्टमा ५०% अनुदान कार्यक्रम | कुल लागतको बढीमा ५० % सम्म अनुदान उपलब्ध हुने। | ३०० | आवेदन फाराम नं २ |
| ३ | गड्यौले मल उत्पादनका लागि ७० अनुदानमा संरचना निर्माण % कार्यक्रम | पूर्वाधार निर्माणको कुल लागतमा ७०% सम्म अनुदान उपलब्ध हुने। | ५०० | आवेदन फाराम नं ३ |
| ४ | च्याउको बिउमा ५०% अनुदान कार्यक्रम | कुल लागतको बढीमा ५०% सम्म अनुदान उपलब्ध हुने। | २०० | आवेदन फाराम नं ४ |
| ५ | ड्रागन फ्रुट प्रवर्द्धन कार्यक्रम ५०% अनुदान | कुल लागतको बढीमा ५०% सम्म अनुदान उपलब्ध हुने।(बिरुवा, मलखाद, कृषि औजार खरिद आदिमा लागत साझेदारी हुने।) | १०० | आवेदन फाराम नं ५ |
| ६ | पुष्प व्यवसाय प्रवर्द्धन अन्तर्गत नर्सरी स्थापना तथा व्यवस्थापन कार्यक्रम (५० % अनुदान) | कुल लागतको बढीमा ५०% सम्म अनुदान उपलब्ध हुने। | २०० | आवेदन फाराम नं ६ |

चूडामणि शर्मा गौतम
प्रमुख प्रशासकीय अधिकृत

फोन नं.: ०५६-४१३१३६, ४१३१३७
E-mail: kalikanagarpalika@gmail.com
Website: www.kalikamunchitwan.gov.np
www.kalikanp...

# कालिका नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
रेडक्रसग्राम, चितवन
बागमती प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| ७ | माटो परीक्षण कार्यक्रम | नमुना सङ्कलन गरी निःशुल्क परीक्षण हुने। | २०० | आवेदन फाराम नं ७ |
| ८ | वडा नं ९,१० र ११ मा अदुवा, हलेदो, पिँडालु तथा अमिलो जातका फलफूलका बेर्ना वितरण कार्यक्रम (८०% अनुदान) | कुल लागतको बढीमा ८०% सम्म अनुदान उपलब्ध हुने। (अदुवा, हलेदो, पिँडालुको बिउ तथा अमिलो जातका फलफूलका बेर्ना खरिदमा लागत साझेदारी हुने।) | ३०० | आवेदन फाराम नं ८ |
| ९ | सामूहिक खेती गर्ने कृषकहरुको समूह/सहकारी तथा संस्थाहरुलाई ५० % अनुदान सहयोग कार्यक्रम | कुल लागतको बढीमा ५०% सम्म अनुदान उपलब्ध हुने। (तरकारी र खाद्यान्न उत्पादन जस्ता कार्यक्रममा जमिनको तयारी, मलखाद, बिउ बिजन, कृषि औजार, बजारीकरण, प्याकेजीङ आदिमा लागत साझेदारी हुने।) | १५० | आवेदन फाराम नं ९ |
| १० | कृषि औजार सामग्री ५० प्रतिशत अनुदानमा वितरण | कुल लागतको बढीमा ५०% सम्म अनुदान उपलब्ध हुने। (मकै रोप्ने, मकै छोडाउने, डिजिटल काँटा र झार गोड्ने मेशिनमा लागत साझेदारी हुने।) | ६०० | आवेदन फाराम नं १० |
| ११ | साना तथा मझौला सिँचाई निर्माण तथा मर्मत संभार कार्यक्रम - ८५% अनुदान (कुलो/इनार/मोटर घर निर्माण तथा मर्मत, डेलिभरी पाईप/समर्सिभल मोटर वितरण) आदि | कुल लागतको बढीमा ८५% सम्म अनुदान उपलब्ध हुने। (कुलो/मोटर घर निर्माण /इनार/ तथा मर्मत, डेलिभरी पाईप/ समर्सिभल मोटर वितरण, चेम्बर विस्तार, प्यानल बोर्ड जडान आदिमा ८५% लागत साझेदारी हुने।) | २००० | आवेदन फाराम नं ११ |

संलग्न गर्नु पर्ने कागजातहरुः

१. निर्दिष्ट ढाँचामा निवेदन र प्रस्ताव
२. नेपाली नागरिकताको प्रतिलिपी
३. जग्गाको लालापूर्जा र जग्गा भाडामा लिई करार सम्झौता गरि व्यवसायिक खेती गरेको हकमा सम्झौता पत्रको प्रतिलिपि र जग्गा बाहाल कर तिरेको रसिद।
४. संस्थाको हकमा कार्यसमितीको बैठक निर्णयको प्रतिलिपी, संस्था दर्ता/नविकरण प्रमाणपत्रको प्रतिलिपी, PAN/VAT दर्ता प्रमाणपत्रको प्रतिलिपी र करचुक्ता
५. वडा कार्यालयको सिफारिस
६. अन्य आवश्यक कागजात सम्बन्धित कार्यक्रमको प्रस्ताव आवेदन फाराममा उल्लेख गरिएको छ।

द्रष्टव्यः निवेदन र प्रस्ताव यस नगरपालिका कृषि विकास शाखाले तयार पारेको निर्दिष्ट ढाँचामा पेश गर्नु पर्नेछ। निवेदन र कार्यक्रम माग सम्बन्धि प्रस्तावको ढाँचा यस नगरपालिकाको कृषि विकास शाखा, सम्बन्धित वडा कार्यालय, कृषि सहकारी, कालिका नगरपालिकाको फेसबुक पेज, कृषि शाखाको फेसबुक पेज र पालिकाको वेवसाईट बाट प्राप्त गर्न सकिनेछ।

चुडामणि शर्मा गौतम
प्रमुख प्रशासकीय अधिकृत

फोन नं.: ०५६-४१३१३६, ४१३१३७
E-mail: kalikanagarpalika@gmail.com
Website: www.kalikamunchitwan.gov.np
www.kalikamun.gov.np